नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
# वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

**आज मिति २०६९/११/२२ का दिन (आ.व.०६९।७० को) बसेको वोर्डको बैठकवाट भएका निर्णयहरू :-**

१ **प्रस्ताव नं १ - अघिल्लो बैठकको समीक्षा :-**

यस अघि मिति २०६९।११।२ का दिन बसेको बोर्ड बैठकका निर्णयहरूको समीक्षा भयो ।

२ **प्रस्ताव नं. २ - आर्थिक सहायता सम्वन्धमा :-**

क) मृतक कमल कुमार राईको हकवालालाई आर्थिक सहायता सम्वन्धमा :- हकवाला भनी बुवाले निवेदन पेश गरेको र हकवाला श्रीमती र निजका छोरा वेपत्ता रहेको भनी पेश हुन आएकोले वेपत्ता भएको कानूनी म्यादसम्म पर्खनु पर्ने हुँदा हाल आर्थिक सहायता दिन नमिल्ने ।

ख) मृतक मो. रहमद अलीको हकवालालाई आर्थिक सहायता सम्वन्धमा :- श्रम स्वीकृति लिई नेपाल मै मृत्यु भएका मो. रहमद अलीका हकवाला श्रीमती यासमिन खातुनलाई रु.१,५०,०००।- आर्थिक सहायता उपलव्ध गराउने ।

ग) मृतक केशर बहादुर मगरको हकवालालाई आर्थिक सहायता सम्वन्धमा :- बिरामी भई नेपाल आएको र नेपाल मै मृत्यू भएका केशर बहादुर मगरका हकवाला श्रीमती हर्कमाया मगरलाई रु.१,५०,०००।- आर्थिक सहायता उपलव्ध गराउने ।

घ) मृतक खेम बहादुर गुरुङ्गको हकवालालाई आर्थिक सहायता सम्वन्धमा :- श्रम स्वीकृति लिई नेपाल मै मृत्यु भएका खेम बहादुर गुरुङ्गका हकवाला बुवा धन बहादुर गुरुङ्गलाई रु.१,५०,०००।- आर्थिक सहायता उपलव्ध गराउने ।

ङ) मृतक मन बहादुर बोहोराको हकवालालाई आर्थिक सहायता सम्वन्धमा : मृतक मनबहादुर बोहोरा मिति २०६९।२।८ मा श्रमस्वीकृती लिइ जापान जानु भएकोमा बुबा बिरामी भएका कारण २०६९ माघमा नेपाल फर्कि आउनु भएको र नेपाल आउनु भएको लगत्तै हृदयघात भई मृत्यु भएको हुँदा हकवाला श्रीमती झुमा बोहोरालाई रु.१,५०,०००।- आर्थिक सहायता उपलव्ध गराउने ।

३ **प्रस्ताव नं. ३ - अंगभंग भएकालाई आर्थिक सहायता सम्वन्धमा :-** दुई वटै मृगौला फेल भएको भनी उपचारका खर्चको लागि निवेदन गर्ने सुरेश बहादुर कार्की (राहदानी नं. २०५०७४४) लाई बोर्डको कार्यसन्चालन निर्देशिकाको परिच्छेद ४ को दफा ९ बमोजिम उपचार खर्च रु.५०,०००।- (पचास हजार) उपलव्ध गराउने ।

४ **प्रस्ताव नं. ४ - Housemaid तालीम सम्वन्धी निर्देशिका र मापदण्ड सम्वन्धमा :-** बोर्डको सचिवालयद्वारा सूचिकृत घरेलु कामदार तालीम दिने संस्थाहरुबाट चालू आ.व. मा तालीम दिने कार्य हुँदै आएकोमा सो कार्यलाई समर्थन गर्ने र ती सूचिकृत संस्थाहरुले आगामी २०७० अषाढ मसान्तसम्म तालीम दिने गरी म्याद थप गर्ने तथा Housemaid सम्वन्धी निर्देशिका र मापदण्ड स्वीकृतीका लागि मन्त्रालयमा सिफारिश गर्ने ।

नि. कार्यकारी निर्देशक

५ **प्रस्ताव नं. ५ - इराक तथा अफगानिस्तानको वस्तुस्थिति अध्ययन सम्वन्धमा** :- इराकको जेलमा बन्दी बनाइएका नेपाली कामदारहरुको स्थिति बुझ्न र इराकी श्रम बजार एवं नेपाली कामदारहरुको अवस्था बारे अध्ययन गर्न पाकिस्तान स्थित नेपाली राजदूतावासवाट महामहिम राजदूतज्यू र एकजना कर्मचारी इराक पठाउने व्यवस्था गर्न र अफगानिस्तानको क्याम्पमा रहेका अलेखवद्ध नेपाली कामदारको स्थिति बुझ्न र अफगानिस्तानको श्रम बजारको अवस्था अध्ययन गरी प्रतिवेदन दिन पाकिस्तान स्थित नेपाली राजदूतावासबाट एक जना कर्मचारी अफगानिस्तान पठाउनका लागि परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने तथा सो का लाग्ने खर्च बोर्डवाट उपलब्ध गराउने ।

६ **प्रस्ताव नं. ६ - बोर्डको कार्य सन्चालन निर्देशिका परिमार्जन सम्वन्धमा** :- बोर्डको कार्य सन्चालन निर्देशिका परिमार्जन गर्नु पर्ने बिषयहरु एकिन गरी आवश्यक सहयोग प्राविधिकहरुवाट लिई परिमार्जन गर्ने ।

७ **विविध प्रस्तावका सम्वन्धमा** :-

क) रोजगारीमा जाँदा लाग्ने लागत खर्च र कामदारले पाउने तलव सुविधाका सम्वन्धमा अन्तर्राष्ट्रिय अभ्यास समेतको आधारमा अध्ययन गराई बोर्डमा पेश गर्ने ।

वोर्डका अध्यक्ष एवं माननीय मन्त्रीज्यूवाट धन्यवाद सहित बैठकको समापन गरियो ।

ऐनको दफा ४० (६) बमोजिम प्रमाणित

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
२०६४

(गिरिजा शर्मा)
नि.कार्यकारी निर्देशक